# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या २, मितिः २०८०/०६/०८

## भाग–२

## प्रारम्भिक बालविकास केन्द्र स्तरीकरण मापदण्ड, २०८०

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# प्रारम्भिक बालविकास केन्द्र स्तरीकरण मापदण्ड, २०८०

**प्रकाशन मितिः २०८०/०६/०८**

**प्रस्तावना**

विद्यालय शिक्षाको आधारका रूपमा रहेको प्रारम्भिक बाल विकास र शिक्षाको गुणस्तर सुधार गर्दै प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाहरुको चौतर्फी विकासको थलोका रूपमा विकास गर्ने उद्देश्यले प्रारम्भिक बालविकास केन्द्रको स्तरीकरण गर्नवाञ्छनीय भएकाले, भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ (संशोधन सहित) दफा ३७ ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगरपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम**ः यस मापदण्डको नाम 'प्रारम्भिक बालविकास केन्द्र स्तरीकरण मापदण्ड, २०८०'रहकोछ।

२. **प्रारम्भ**ः यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

३. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

   क) "मापदण्ड" भन्नाले "प्रारम्भिक बालविकास केन्द्र स्तरीकरण मापदण्ड, २०८०" सम्झनु पर्छ।

   ख) "बाल विकास शिक्षक" भन्नाले प्रारम्भिक बालविकास केन्द्र वा बाल विकास कक्षामा सहजीकरण गर्ने शिक्षकलाई सम्झनुपर्छ।

   ग) "महाशाखा" भन्नाले भरतपुर महानगरपालिका नगर कार्यपालिकाको शैक्षिक प्रशासन महाशाखालाई सम्झनु पर्छ।

   घ) "नगर शिक्षा अधिकारी" भन्नाले भरतपुर महानगरपालिका नगर कार्यपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुख सम्झनु पर्छ।

४. **बाल विकास केन्द्र स्तरीकरणका मुख्य आधार**ः बाल विकास केन्द्र स्तरीकरणका मुख्य आधार र अङ्क विभाजन देहायबोजिम हुनेछः

| क्र. सं. | मूल्याङ्कनका आधारहरु | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास शिक्षकको शैक्षिक योग्यता | ५ | |
| २ | बाल विकास शिक्षककोतालिम | ५ | |

| | | | |
|---|---|---|---|
| ३ | बालविकास केन्द्रको व्यवस्थापन | १५ | |
| ४ | सिकाइ सहजीकरण शैली (कक्षा अवलोकन) | १५ | |
| ५ | विद्यार्थीको सङ्ख्या र उपस्थितिको नियमितता | ५ | |
| ६ | अभिभावकसँग सम्बन्ध | ५ | |
| ७ | बालबालिकाको हेरचाह | ५ | |
| ८ | सिकाइ सामग्रीको निर्माण तथा व्यवस्थापन (सूचना प्रविधि समेत) | २० | |
| ९ | प्रधानाध्यापकद्वारा गरिने कार्यसम्पादन मूल्यांकन | १० | |
| १० | सुपरिवेक्षकले लिने अन्तर्वार्ता | १५ | |
| | जम्मा | १०० | |

५. **बाल विकास केन्द्र स्तरीकरणका आधारहरुको विस्तृतीकरण**

प्रारम्भिक बालविकास केन्द्रको स्तरीकरणका आधारहरुको विस्तृतीकरण अनुसूची–१ मा दिए बमोजिम हुनेछ।

**६. बाल विकास केन्द्र स्तर निर्धारण**

दफा ४ का मूल्याङ्कनका आधारमा प्राप्त गरेको अङ्कका आधारमा प्रत्येकबाल विकास केन्द्रलाई देहाय बमोजिम वर्ग निर्धारण गरिनेछः

क) ८० प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेमा "क"वर्ग

ख) ६०प्रतिशत वा सोभन्दा बढी र ८०प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा "ख"वर्ग

ग) ६० भन्दा कम अङ्क प्राप्त गरेमा "ग"वर्ग।

**७. बाल विकास केन्द्र वर्गीकरण कायम रहने अवधि**

बाल विकास केन्द्र वर्गीकरण सामान्यतया प्रत्येक तीन वर्षमा गरिनेछ।एक पटक गरिएको वर्गीकरण बढीमा ३ वर्ष सम्म कायम रहनेछ।

**८. बाल विकास केन्द्रको स्तरीकरणका लागि मूल्याङ्कन गर्ने जिम्मेवारीः**

१) बाल विकास केन्द्रको स्तरीकरणका लागि स्थलगत निरीक्षण, कक्षा अवलोकन लगायतका उपयुक्त विधि प्रयोग गरी गराई मूल्याङ्कन गर्ने जिम्मेवारी शैक्षिक प्रशासन महाशाखा प्रमुखको हुनेछ।

२) शैक्षिक प्रशासन महाशाखा प्रमुखले उपदफा (१) बमोजिम मूल्याङ्कन गरी वर्गीकरणका लागि प्राप्ताङ्क सहितको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ।सो आधारमा नगर शिक्षा समितिबाट सम्पूर्ण बाल विकास केन्द्रहरूको वर्गीकरण हुनेछ।

३) उपदफा (१) बमोजिम बाल विकास केन्द्रको मूल्याङ्कनका लागि नगर शिक्षा अधिकारीले शैक्षिक प्रशासन महाशाखाको शिक्षा अधिकृत वा शिक्षा सेवाका निवृत्त उपसचिव, अधिकृत वा कम्तीमा शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण गरेको निवृत्त माध्यमिक शिक्षक वा बाल विकास र शिक्षाका विज्ञलाई खटाउन सक्नेछ ।

**९. वर्गीकरणका आधारमा प्रोत्साहनको व्यवस्थाः**

यस मापदण्ड बमोजिमको वर्गीकरणमा “क” वर्गमा पर्ने बाल विकास केन्द्रका शिक्षकलाई मासिक रूपमा थप प्रोत्साहन स्वरूप नगर कार्यपालिकाले तोके बमोजिमको रकम प्रदान गरिनेछ ।

**१०. मापदण्डमा संशोधन**

आवश्यकता अनुसार नगर कार्यपालिकाले यो मापदण्डमा संशोधन गर्न सक्नेछ ।

# अनुसूची १

## बालविकास केन्द्र मूल्याङ्कनका आधारहरुको विस्तृतीकरण

### १. शैक्षिक योग्यता (५ अङ्क)

क) कक्षा १२ वा सो सरहको योग्यता भएमा ५ अङ्क

ख) माध्यमिक शिक्षा परीक्षा (साविकको एस्. एल्.सी.) वा सो सरहको योग्यता भएमा ३ अङ्क

ग) कक्षा ८ वा सो सरहको योग्यता भएमा १ अङ्क

### २. तालिम(५ अङ्क)

क) बाल विकास शिक्षकले १५ दिन सम्मको बाल विकास सम्बन्धी तालिम प्राप्त गरेको भएमा ३ अङ्क

ख) एक महिनासम्मको बाल विकास सम्बन्धी तालिम प्राप्त गरेको भएमा ४ अङ्क

ग) एक महिनाभन्दा बढीकोबाल विकास सम्बन्धी तालिम प्राप्त गरेको भएमा ५ अङ्क

### ३. बालविकास केन्द्रको व्यवस्थापन (१५अङ्क)

| क्र. सं. | सूचक | श्रेणीमापन/स्तरीकरण | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| १ | कक्षाकोठामा उपयुक्त बसाइ व्यवस्थापन (२ अङ्क) | २ | १.५ | १ |
| २ | कक्षाकोठा सरसफाइ (१ अङ्क) | १ | ०.६ | ०.४ |
| ३ | कक्षाकोठाको सजावट (२ अङ्क) | २ | १.५ | १ |
| ४ | कक्षाको नियम निर्माण र कार्यान्वयन (१ अङ्क) | १ | ०.६ | ०.४ |
| ५ | कक्षाकोठामा विविधता व्यवस्थापन (१ अङ्क) | १ | ०.६ | ०.४ |
| ६ | बालबालिकाको जिम्मेवारी विभाजन र परिपालना (१ अङ्क) | १ | ०.६ | ०.४ |
| ७ | सिकाइ कुना व्यवस्थापन (१ अङ्क) | १ | ०.६ | ०.४ |
| ८ | सुरक्षित र भयरहित खेल स्थानको प्रवन्ध (२अङ्क) | २ | १.५ | १ |

| क्र. सं. | सूचक | श्रेणीमापन/स्तरीकरण | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| ९ | छुट्टै शौचालय र शुद्ध पिउने पानीको प्रवन्ध (२अङ्क) | २ | १.५ | १ |
| १० | बालबालिकाको कार्यसञ्चयिका (अभिलेख) व्यवस्थापन (२अङ्क) | २ | १.५ | १ |
| | **जम्मा प्राप्ताङ्क** | | | |

## ४. सिकाइ सहजीकरण शैली (कक्षा अवलोकन): (१५अङ्क)

| क्र. सं. | सूचक | श्रेणीमापन/स्तरीकरण | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| १ | दैनिक पाठयोजना निर्माण र प्रयोग (१.५अङ्क) | १.५ | १ | ०.५ |
| २ | विद्यार्थी उत्प्रेरणा जगाउने कार्य (१.५अङ्क) | १.५ | १ | ०.५ |
| ३ | बालविकास तथा सिकाइ सहजीकरण विधि, रणनीति तथा तरिकाहरुको उपयुक्तता (३अङ्क) | ३ | २ | १ |
| ४ | सिकाइ सामग्रीहरुको प्रयोग (२ अङ्क) | २ | १.५ | १ |
| ५ | बालबालिकाहरुको रुचि, क्षमता, चाहनाहरुको सम्बोधन (१.५अङ्क) | १.५ | १ | ०.५ |
| ६ | खेल, संगीत तथा मनोरञ्जनात्मक क्रिmयाकलाप सञ्चालन (३ अङ्क) | ३ | २ | १ |
| ७ | निरन्तर मूल्यांकन तथा उपचारात्मक शिक्षण (१.५अङ्क) | १.५ | १ | ०.५ |
| ८ | पुनर्वल तथा पृष्ठपोषणको प्रयोग (१अङ्क) | १ | ०.६ | ०.४ |
| | जम्मा प्राप्ताङ्क | | | |

## ५. विद्यार्थीको सङ्ख्या र उपस्थितिको नियमितता- (५अङ्क)

| क्र.सं. | आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| क) | बाल विकास केन्द्रमा विद्यार्थी संख्या (न्यूनतम २० जना भन्दा कम भएमा ०.५ अङ्क, २०-३० जना सम्म भएमा २ अङ्क र ३० भन्दा बढी भएमा ३) | ३ | |

| क्र.सं. | आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| ख) | बाल बालिकाको नियमितता (कम्तीमा एक हप्ताको उपस्थिति अवलोकन गर्ने)(औषत उपस्थिति ९०% भन्दा माथि भएमा २, ८०-९०% सम्म भएमा १.५ र ८०% भन्दा कम भएमा ०.५ अङ्क) | २ | |
| | **जम्मा** | ५ | |

६. **अभिभावकसँग सम्बन्धः** (५ अङ्क)

| क्र. सं. | आधार | मापन स्केल | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| क) | अभिभावकसँग बैठक, छलफल तथा अन्तरक्रिया (तीन महिनामा एक पटक छलफल गरेको भए २ अङ्क, ६ महिनामा एक पटक छलफल गरेको भए १.५ अङ्क र वर्षमा एक पटक छलफल गरेको भए ०.५ अङ्क ) | २ | १.५ | ०.५ |
| ख) | विद्यार्थी अनुपस्थित हुँदा, बिरामी पर्दा अभिभावकसँग सम्पर्क (सम्पर्क गरेको अभिलेख देखाएमा १ अङ्क, प्रधानाध्यापकले पुष्टि गरेमा ०.६ र बाल विकास शिक्षकले मौखिक जानकारी गराएमा ०.४ अङ्क) | १ | ०.६ | ०.४ |
| ग) | विद्यार्थीको प्रगति प्रतिवेदनबारे अभिभावकलाई जानकारी ( मासिक रूपमा जानकारी गराउने गरेको भए २ अङ्क, दुई महिनामा एक पटक गराउने गरेको भए १.५ अङ्क र दुई महिनाभन्दा बढीको अन्तरालमा जानकारी गरेको भए ०.५ अङ्क) | २ | १.५ | ०.५ |
| | **जम्मा प्राप्ताङ्क** | | | |

## ७. बालबालिकाको हेरचाह - (५ अङ्क)

| क्र. सं. | आधार | मापन स्केल | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| क) | बालबालिकालाई समयमा पोषणयुक्त खाजाको व्यवस्थापन (महानगरपालिकाको परिपत्र बमोजिम तालिका बनाई विद्यालयले नै खाजा पकाई खुवाउने व्यवस्था गको भए १ अङ्क, क्यान्टिनलाई खाजाको व्यवस्थापन गर्न दिएको भए ०.६ अङ्क र बाहिरको कुनै सेवा प्रदायकबाट खरिद गरी खाजाको व्यवस्थापन गरेको भए ०.४ अङ्क) | १ | ०.६ | ०.४ |
| ख) | सरसफाइको प्रवन्ध (बालबालिकाको पोशाक, शारीरिक सरसफाइ राम्रो भएमा, छुट्टै शौचालय र सो बाहिर हात धुने बेसिन, ऐना, काइँयो र रुमाल राखिएको भएमा र शुद्ध पिउनेपानीको व्यवस्था भए नभएको हेरी अङ्क दिने) | १ | ०.६ | ०.४ |
| ग) | आराम गर्ने स्थानको व्यवस्था (बालबालिकालाई आराम गर्नका लागि छुट्टै आराम कक्ष भएमा १ अङ्क, आराम कक्ष छुट्टै नभइ सिकाइ/पढाइ कक्षमा नै राम्रो व्यवस्थापन सहितको आराम कक्ष भएमा ०.६ अङ्कर सामान्य खालको आराम कक्ष भएमा ०.४ अङ्क) | १ | ०.६ | ०.४ |
| घ) | खेल्ने स्थान, प्राथमिक उपचार र हेरचाह (बालबालिकाका लागि छुट्टै छानासहितको खेल्ने स्थान र प्राथमिक उपचारको राम्रो व्यवस्थापन भएमा २ अङ्क,छुट्टै खेल्ने स्थान र प्राथमिक उपचार मध्ये कुनै एकको व्यवस्था मात्र भएमा १.५ अङ्क,छुट्टै नभई अन्य कक्षाका विद्यार्थीसँगै व्यवस्था भएमा १ अङ्क) | २ | १.५ | १ |
| | **जम्मा प्राप्ताङ्क** | | | |

## ८. सिकाइ सामग्री (सूचना प्रविधि समेत)हरुको निर्माण, सङ्कलन र प्रयोगः

(२०अङ्क)

| क्र. सं. | आधार | मापन स्केल | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| क) | सहजकर्ता तथा विद्यार्थीबाट निर्मित सिकाइ सामग्रीको अवस्था | ४ | ३ | १ |
| ख) | सिकाइ सामग्री संकलन र खरिद गर्नमा सहजकर्ताको समन्वय र सहजीकरण | ४ | ३ | १ |
| ग) | सिकाइ सामग्रीको रखाइ तथा भण्डारण | ४ | ३ | १ |
| घ) | डिजिटल सामग्रीहरुको उपलब्धता तथा विद्यमान अवस्था | ४ | ३ | १ |
| ङ) | सिकाइ सामग्री (डिजिटल समेत) को सान्दर्भिकता | ४ | ३ | १ |
| | जम्मा प्राप्ताङ्क | | | |

## ९. प्रधानाध्यापकबाट हुने कार्यसम्पादन मूल्यांकन - (१० अङ्क)

| क्र.सं. | मूल्यांकनका आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| क) | बालविकास कक्षामा नियमितता, जिम्मेवारीपन र जवाफदेहिता | १ | |
| ख) | आचरण तथा अनुशासनको पालना | १ | |
| ग) | शिक्षा सम्बन्धी विद्यमान ऐन, कानुनको जानकारी तथा पालना | १ | |
| घ) | सञ्चार, समन्वय र सहकार्य सीप | १ | |
| ङ) | आत्म व्यवस्थापन, समय व्यवस्थापन, तनाव व्यवस्थापन सीप | १ | |
| च) | शिक्षण पेसाप्रतिको लगाव र समर्पण | १ | |
| छ) | पेसागत विकासमा संलग्नता | १ | |
| ज) | उपलब्ध सिकाइ सामग्रीको प्रयोग तथा नपुग सामग्रीको खोजी | १ | |

| क्र.सं. | मूल्यांकनका आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| झ) | बालकक्षामा अतिरिक्त तथा मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन | १ | |
| ञ) | विषम परिस्थितिमा बालविकास गतिविधि सञ्चालन | १ | |
| | **जम्मा प्राप्ताङ्क** | | |

१०. **सुपरिवेक्षकबाट हुने अन्तरवार्ता** - (१५अङ्क)

| क्र.सं. | मूल्यांकनको आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| क) | विषयवस्तुको ज्ञान | ४ | |
| ख) | शिक्षण सिकाइ विधि, रणनीति र क्रियाकलाप सम्बन्धी जानकारी | ३ | |
| ग) | व्यक्तित्व र प्रस्तुतीकरण शैली | २ | |
| घ) | बाल मनोविज्ञानको ज्ञान तथा सकारात्मक चिन्तन | २ | |
| ङ) | पेसाप्रतिको लगाव, समर्पण र पेसागत विकासमा संलग्नता | २ | |
| च) | सूचना प्रविधिको जानकारी र प्रयोग | २ | |
| | जम्मा | १५ | |

***नोटः** सुपरिवेक्षकले अङ्क प्रदान गर्दा १० अङ्कभन्दा बढि वा ६ अङ्कभन्दा कम अङ्क दिनु परेमा स्पष्ट कारण खुलाउनु पर्नेछ ।*

आज्ञाले,

**नरेन्द्र कुमार राना**

प्रमुख प्रशासकीय अधिकृत